# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# मोलुङ्ग गाउँपालिका, ओखलढुङ्गा




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu,
Nepal


पत्र संख्या :२०७६/७७
च.नं. ५१५

मिति: २०७७/३/२८

श्री अध्यक्ष ज्यु,
मोलुङ्ग गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुङ्गा ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक


Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:
च.नं ४९२

मिति: २०७७।३।२८

श्री अध्यक्षज्यू,
मोलुङ्ग गाउँपालिका
ओखलढुङ्गा ।

**विषय - लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले मोलुङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. १ करोड ४७ लाख २४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ४ लाख ४३ हजार, अनियमित रु.५९लाख १ हजार,प्रमाण कागजात पेश गर्नुपर्ने रु.८३ लाख ३० हजार र पेश्की रु. ५० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश नभएकोले अन्तिम प्रतिवेदन पाना १५ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

**मोलुङ्ग गाउँपालीका**
**अन्तिम लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय –** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न मोलुङ्ग गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो पालीका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य ११२ व.कि.मी.क्षेत्रफल, १५८६२ जनसंख्या १ प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम मोलुङ्ग गाउँपालीकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

**सञ्चित कोषको विवरण**

| क्र.सं. | आय | रकम | रकम | क्र.सं. | व्यय | रकम | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | **शुरु मौज्दात** | | ३४,४३४,१५९ | १ | चालु खर्च आन्तरीक | | ३९०,८५० |
| | रा.वा.वैक | ३३,८२६,७७६ | | २ | चालु खर्च गाउँपालिका | | २७,८५९,४१७ |
| | गा.वि.स. आम्दानी | १०७,६०२ | | ३ | चालु खर्च वडा | | ६,७५७,००० |
| | रा वा.वैक | ४९९,७८१ | | ४ | पूजीगत खर्च वडा | | २८,२८०,८०० |
| २ | **राजश्व** | | ४४,४३४,००४ | ५ | पूजीगत खर्च गाउँपालिका | | २८,८८२,९०४ |
| | आन्तरीक राजश्व | १,२१०,०३७ | | ६ | विषयगत कार्यक्रम | | १५,३०८,३९० |
| | राजश्व बाडफाड संघ | ४१,०३४,५८८ | | ७ | संघीय सरकार विषयगत कार्यक्रम | | ५०,२८६,०३५ |
| | राजश्व बाडफाड प्रदेश सवारी | १,२१२,२८१ | | | प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यक्रम | ३०५,००० | |
| | राजश्व बाडफाड प्रदेश मालपोत | ९७७,०९९ | | | सामाजिक सुरक्षा कार्यक्रम | ३६,४३६,००० | |
| | अन्य | - | | | स्थानीय पूवाधार विकाश कार्यक्रम | ४,०००,००० | |
| ३ | संघीय सरकार विषयगत कार्यक्रम | | ५०,२८६,०३५ | | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | ६,०४५,६४७ | |
| | प्रदेश तथा स्थानीय तह क्षेत्र विकाश कार्यक्रम | ३०५,००० | | | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३९४,००० | |
| | सामाजिक सुरक्षा कार्यक्रम | ३६,४३६,००० | | | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,२६०,७४७ | |
| | स्थानीय पूवाधार विकाश कार्यक्रम | ४,०००,००० | | | संचित विदा | ५३४,६८१ | |
| | झोलुङ्गे पुल क्षेत्र विकाश कार्यक्रम | ६,०४५,६४७ | | | औषधीउपचार | ३०९,९६० | |
| | गरिवसँग विश्वेश्वर कार्यक्रम | ३९४,००० | | ८ | प्रदेश शर्शत | | १२,२८२,११६ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | २,२६०,७४७ | | | प्रदेश शर्शत अनुदान | ८,०८२,११६ | |
| | सञ्चित विदा | ५३४,६८१ | | | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ४,२००,००० | |
| | औषधी उपचार | ३०९,९६० | | ९ | गत आवको वजेट खर्च | | २९,५६५,०६१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | **संघ वित्तीय हस्तान्तरण** | | २२१,२०७,००० | १० | शर्शत अनुदान सघ | | १३२,६९१,९३१ |
| ५ | वितीय समानीकरण | ६७,७००,००० | | ११ | समपुरक अनुदान सघ | | ९८४,२८२ |
| | शर्शत अनुदान | १४०,८८०,००० | | १२ | धरौटी फिर्ता | | ४१५,००० |
| | समपुरक अनुदान | १२,६२७,००० | | १३ | एस.आई.पि. | | २,०५८,४३१ |
| | विषेश अनुदान | - | | १४ | हेल्भाटास | | ४,५०६,६१९ |
| | अर्थ बजेट | | | १५ | पुल हेरालु | | १३८,००० |
| ६ | **प्रदेश वितीय हस्तान्तरण** | | २१,००९,००० | १६ | सिएमसी नेपाल | | ८११,५२३ |
| | वितीय समानीकरण | ३,३०९,००० | | १७ | कन्टेन्जेन्सी | | २,६२८,१३५ |
| | शर्शत अनुदान | १३,५००,००० | | १८ | **फिर्ता** | | २५,२४८,६७१ |
| | प्रदेश निर्वाचन क्षेत्र कार्यक्रम | ४,२००,००० | | | प्रदेश शर्शत अनुदान | ५,४१७,८८४ | |
| | समपुरक अनुदान | - | | | शर्शत अनुदान सघ | ८,१८८,०६९ | |
| | विषेश अनुदान | - | | | समपुरक अनुदान सघ | ११,६४२,७१८ | |
| ७ | **अन्य** | | | १९ | **अन्तिम मौज्दात** | | १३,६८२,५८५ |
| | वित्तीय व्यवस्था प्राप्ति | | | | धरौटी खाता | १,०८९,००० | |
| | ऋण प्राप्ति | | | | सनराइज चालु खाता | ३,५२१,६२५ | |
| | साँवा प्राप्ति | | | | सनराइज पूजिगत खाता | २,९०८,८०४ | |
| | व्याज प्राप्ति | | | | सनराइज आन्तरिक खाता | १,२०७,०२३ | |
| | अन्य प्राप्ति | | - | | रा.वा.वैक सचित खाता | ४,७६७,७३३ | |
| ८ | धरौटी आय | | १,५०४,००० | | रा.व.वैक आन्तरिक खाता | १११,९४५ | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | ६,९५७,७१२ | | रा.वा.वैक विपद खाता | ७६,४५५ | |
| | सिएमसी नेपाल | ८१६,६६२ | | | | | |
| | एस.आई.पि. | १,६३४,४३१ | | | | | |
| | हेल्भाटास | ४,५०६,६१९ | | | | | |
| १० | कन्टेन्जेन्सी | | २,९४५,८४० | | | | |
| | **जम्मा** | | ३८२,७७७,७५० | | | | ३८२,७७७,७५० |

**बजेट उपशीर्षक - विभिन्न** **स्थानीय निकायको नाम - मोलुङ्ग गाउँपालिका, ओखलढुंगा ।** **आ.व.२०७५/७६**

| दफा नं | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | रकम |
|---|---|---|
| | लेखापरीक्षणको क्रममा रु.५,६०० असुली भएको भौचर पेश छ। | |
| १ | **जिम्मेवारी घटी सारेको -** पालिकाले गत वर्षको जिम्वेवारी रु.३,४४,५०,०००।०० सार्नु पर्नेमा रु.३४४३४०००।०० मात्र सारेकोले रु.१६०००।०० को घटी सार्नुको कारण र प्रमाण पेश गर्नुपर्ने रु | १६००० |
| १.१ | **खर्च गर्ने अख्तियारी र कार्यविधि -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार १० गते सभामा पेश भइ २०७५।०३।२५मा स्वीकृत भएको र स्वीकृत भएको | |

| | | |
|---|---|---|
| | ७ दिन भित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको देखिन्छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम सञ्चालन गर्ने उल्लेख गरेको छ । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ मसान्त भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुसार गाँउसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ आषाढ १० भित्र सम्पन्न गरी २०७५ असार २५ गते स्वीकृत गरेको छ । | |
| ३ | **आन्तरिक आय -** गाँउपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१००००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. १,२१०,०३७.०० अर्थात अनुमानको तुलनामा २१ प्रतिशतले वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ती वीच धेरै फरक परेको कारण पहिचान गरी तथा वास्तविक श्रोतको यथार्थता निराकरण गरी आय आर्जन गर्ने तर्फ विशेषरुपले ध्यान दिन आवश्यक देखिएको छ । प्रत्येक वडाले प्राप्त गरेको सवै आय गाँउपालिकामा पठाउनुपर्ने व्यवस्था अनुरुप देहाय वमोजिम रकम प्राप्त भएको देखिन्छ । मालपोल, दस्तुर लगायतमा उठनुपर्ने राजस्व घटी उठेको दखिएको छ । सो उपर आवश्यक छानविन गरी आन्तरिक आय प्राप्तिमा विशेष निगरानी वढाउनुपर्ने देखिन्छ । | |
| ४ | **आन्तरीक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।<br>• आन्तरीक लेखापरीक्षण नभएको ।<br>• सवै कर्मचारीको स्थायी लेखा नम्वर नलिएको<br>• गाउँपालिकाको स्थायी लेखा नम्वर नलिएको,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको,<br>• प्रत्येक कर्मचारीका पदको कार्य विवरण वनाई लागू नगरेको । (निजामती सेवा ऐन, २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान तथा निराकरण नगरेको (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५)<br>• भुक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको ( आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५)<br>• मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नु पर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५०.३)<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९०.१ अनुसुची १४)<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल र कार्य सम्पन्न प्रतिवेदन मा स्वीकृत गरेको मिति उल्लेख नगरेको, | |

| | | |
|---|---|---|
| | ● रु.२० हजार रुपैयाँ भन्दा बढी मूल्यका मूल्य अभिबृद्धि कर लाग्ने मालसामान खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद खरीद गर्नु पर्नेमा नगरेको, (सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९)<br>● भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>● भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको,<br>● अधिकार प्राप्त अधिकारीले भ्रमण आदेश स्विकृत गर्नुपर्नेमा नगरेको,<br>● ठेक्कामा तुलनात्मक तालिका तयार नगरेको,<br>● ठेक्का सम्झौतामा कार्यतालिका समावेश नभएको,<br>● खरिद समितिमा जनप्रतिनिधि समावेश भई खरिद प्रक्रियामा संलग्न गरेको,<br>● कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,<br>● सवारी लगबुक राख्ने नगरेको,<br>● यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको,<br>● पेश्की माथि पेश्की दिने गरेको,<br>● नागरिकता, घरबाटो, नाता प्रमाणित, पञ्जीकरण दर्ताको सिफारिसको लगत अद्यावधिक नगरेको ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| ५ | **श्रोत अनुमान तथा वजेट सिमा–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ । | |
| ६ | **वजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ ।वडागत योजना, गाउँपालिका योजना र विषयगत पूर्वाधार क्षेत्रमा दोहोरो नपर्ने गरी एकै ठउवाट सञ्चालन गर्ने व्यवस्थाको लागि विशेष ध्यानाकर्षण पुरयाउनु पर्दछ । | |
| ७ | **आन्तरिक ऋण –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाँउपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाँउपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । | |
| ८ | **स्थानीय तथ्यांक र अभिलेख -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाँउपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्य अगाडी वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाँउपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |

| | | |
|---|---|---|
| ९ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्लास्तरिय तथा केन्द्रियस्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसवाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा गाउँपालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढांचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १० | **सोझै खरिद -** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ने साथै नियम ८४ मा रु. ५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा मसलन्द समान रु.२५०६०७७।०० को सोझै खरीद गरेको पाइयो । प्रतिस्पर्धा वेगर सोझै खरीद गरेको अनियमित देखिएको रु... | २५०६०७७ |
| ११ | **खर्चको मापदण्ड -** गाउँपालिकाले वर्ष भरीमा अनुगमन र दैनिक भ्रमण खर्च सम्वन्धमा वापत जनप्रतिनिधि र कर्मचारीलाइ रु.२४,००,०००।०० खर्च गरेको विवरण पेश भएको छ। खर्च रकम सम्वन्धमा गाउँपालिकाले मापदण्ड वनाएको पाईएन । आवश्यक मापदण्ड वनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ। जनप्रतिनिधिलाइ अनुगमन र दैनिक भ्रमण खर्च उपलब्ध गराउने कार्यमा नियन्त्रण गरीनु पर्दछ । | |
| १२ | **खरीद सम्झौता -** कार्यालयले प्रथम चौमासिक अवधिमा लागत अनुमानको स्वीकृति र खरीद सम्झौता गर्नुपर्नेमा तेस्रो चौमासिकमा १ करोड ७४ लाख ८७ हजारको ठेक्का बन्दोबस्त गरेको देखियो । आगामी दिनमा प्रथम चौमासिक अवधि भित्र नै ठेक्का सम्झौता गरी निर्माण कार्य सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्दछ । वजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य, समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण वनाउन आवस्यक छ । | |
| १३ | **कन्टिन्जेन्सी खर्च -** सार्वजतिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पूजीगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो आर्थिक वर्ष रु. २६ लाख २८ हजार १३५ कन्टीन्जेन्सी खर्च लेखेको देखियो । कन्टीन्जेन्सी खर्चबाट दैनिक भ्रमण भत्ता, इन्धन र कार्यालय सामान लगायत चालु र केही पूँजीगत निर्माणमा खर्च गरेकोमा चालु र पूँजीगत कन्टीन्जेन्सीको अभिलेख नराखेकाले चालु र पूँजीगत खर्च नछुटिने हुन्छ । तसर्थ चालु र पूँजीगत खर्चको लगत व्यवस्थित गरी नगरी नहुने खर्च मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ । | |
| १४ | **कर्मचारी व्यवस्था -** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ३२ रहे पनि पदपूर्ति १३ रहेको देखियो । १ अधिकृत सहित १९ पद रिक्त रहेका छन । ति मध्ये १३ जना करारमा राखि कार्य सञ्चालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| १५ | **एकीकृत विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विगतमा नेपाल सरकारवाट गाँउपालिकावाट उपलब्ध गराएका कृषि, पशु, शिक्षा, महिला सम्वन्धि विउँपूजी, लगायतको कारोवारको श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ। | |
| १६ | **वित्तीय जवाफदेहिता पालना -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले नियम विपरीत कार्यमा रु. १४७२४०००।०० खर्च गरी नियमावलीको पालना गरेको देखिएन । | |
| १७ | **बक्यौता रकम असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठनुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, अन्तशुल्क, | |

कर दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नूपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

१८ **विशेष भत्ता -** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामाजिक परिचालन खर्च पाउने व्यवस्था छ । केन्द्रिय चालु अनुदानबाट  गाँउसभाले २०७५ अषाढ २६ को अनुमोदन अनुसार २०७५।७६ को गाँउ सभा तयारीका लागि ८ कर्मचारीलाई १ महिना वरावरले हुने प्रोत्साहन भत्ता वापत रु. ४,८८,८५०।०० खर्च लेखेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार एवं कार्यविधि वेगर तथा नियमावलीमा स्पष्ट उल्लेख गरेभन्दा फरक कार्यमा खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार प्रदेश न ं१ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार मोलुङ्ग गाँउपालिकाले देहाय बमोजिम रु. ५६,८०,०००।०० सुविधावापत भुक्तानी भएको छ ।

| सि. नं. | विवरण | अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ८जना | कार्यपालिका सदस्य ६जना | सभाका सदस्य २७जना | जम्मा | महिना | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा | ० | ० | ० | ० | ० | ० | १२ | ० |
| २ | सञ्चार सुबिधा (मासिक दरमा) | २५०० | २५०० | १६००० | ६००० | २७००० | ५४००० | १२ | ६४८००० |
| ३ | बैठक भत्ता (बैठक संख्याको आधारमा) | ७००० | ७९०० | ८०००० | २४०० ० | १५००00 | २६८९०० | १२ | ३२२६८०० |
| ४ | खाजा भत्ता (मासिक) | ४००० | ३००० | ८००० | ० | ० | १५००० | १२ | १८०००० |
| ५ | पुस्तक पत्रपत्रिका (मासिक) | ३००० | २५०० | १२००० | ९००० | १३५०० | ४०००० | १२ | ४८०००० |
| ६ | अनुगमन भत्ता (मासिक) | ६००० | ४५०० | १२००० | ० | २७००० | ४९५०० | १२ | ५९४००० |
| ७ | खानेपानी, बिजुली महसुल (मासिक) | १५०० | १००० | ८००० | ० | ० | १०५०० | १२ | १२६००० |
| ८ | सरसफाई, मर्मत (मासिक) | २००० | २००० | ० | ० | ० | ४००० | १२ | ४८००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | अतिथि सत्कार (मासिक) | २००० | २००० | ८००० | ० | ० | १२००० | १२ | १४४००० |
| १० | यातायात खर्च (मासिक) | ३५०० | ५००० | ८००० | २००० | १००० | १९५०० | १२ | २३४००० |
| | | | | | | | | जम्मा | ५६८०८०० |

२० **सःशर्त अनुदान -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यःतया शिक्षा, स्वास्थ्य र कृषि तथा पशुपंक्षी मन्त्रालय लगायतबाट रु.१७,१२,०७,०००।०० प्राप्त भएको रकम मध्ये आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था अनुरुप गाउँपालिकाले रु. 25,248,671.०० खर्च नभई बाँकी रकम संघीय सञ्चित कोषमा मिति २०७६।३।२९ मा दाखिला गरेको छ ।

२१ **आनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याँकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय निकायबाट व्यहोरिने रकमलाई घटाइ भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानीमा आनुपातिक कट्टा नभई बढी भुक्तानी भएको रु.१६,४७१.९५ असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु. १६४७१

| गो.भौ.नं./मिति | ब.उ.शि.नं. | आयोजना | लागत अनुमान | कार्यसम्पन्न | भुक्तानी (कन्टिन्जेन्सी बाहेक) | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १२-२०७६/३/३१ | ३६५१६०३ | खोला खर्क बाखे सडक आयोजना | १०९६६७३.७३ | १०३०८१७.६ | ९०९३१२ | ६९६०.७६ |
| ८४-२०७६/३/३१ | अवण्डा कोष | रुपेटार देउराली सडक मर्मत आयोजना | ९२८६३१.०६ | ८७५२१३.३८ | ७७०९२८ | १८६६.७ |
| २८-२०७६/३/३१ | पुजिगत सुधार खर्च सार्वजनिक निर्माण | प्राप्चा श्रिचौर सडक खण्ड आयोजना | १०९३२५५.४७ | ७८७९६६.७३ | ६९९५१३ | ७५९०.४९ |
| | | | | | | १६४१७.९५ |

२२ **न्यानो झोला -** आर्थिक कार्यविधि नियमावली २०६४ नियम ४७ (१) बमोजिम कार्यालयमा रहेको र खरीद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई ७ दिन भित्र आम्दानी बाध्नु पर्ने व्यवस्था छ । कार्यालयले गो.भौ.नं. २२–२०७५/१०/२० बाट १६६ सेट न्यानो झोला खरिद गरि रु.१,४९,४००.०० खर्च लेखी जिन्सी खाता पाना नं १५ मा दाखिला गरेकोमा जिन्सी किताबमा उक्त खाता पानामा न्यानो झोलाको अभिलेख नरहेको पाइयो । कार्यालयले यस वर्ष १३५ वटा झोला विभिन्न स्वास्थय चौकीहरुलाई माग फारमको आधारमा हस्तान्तरण गरेको पाइयो । म.ले.प. रिपोर्ट २०७४/७५ बमोजिम रु.३१४०३।०० मुल्य वरावरको ३५ सेट वांकी रहेको न्यानो झोला आ.व. २०७५/७५ मा जिम्मेवारी सार्नुपर्नेमा सो जिम्मेवारी नसारेको पाइयो । गत वर्षको मौज्दात र यस आर्थिक बर्षमा मा खरिद गरिको जम्मा रु १,८०,८०३।०० को २०१ थान न्यानो झोला जिन्सी खाता अध्यावधिक गरि दाखिला गरेको र वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.. १८०८०३

| | | |
|---|---|---|
| २३ | **कार्यक्रम वेगरको खर्च -** ४७-२०७६/३/१२आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३४(२)क ले खर्च गर्दा खर्च गरिने रकम स्वीकृत बजेट भित्र र सम्बन्धित शीर्षकमा परेको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी बजेट बाँडफाँडको अख्तियारीको निर्देशनमा समेत प्रचलित ऐन नियमको पालना गरी खर्च गर्न निर्देशन दिइएको छ ।कार्यालयले स्वास्थय संस्था प्रमुखको मासिक कार्य प्रगति समिक्षा तथा डाटा भेरिफिकेशन बैठक कार्यक्रम सञ्चालन गरी रु १८३३५०।०० खर्च गरेको पाइयो । यस गाउँपालिका अर्न्तगत सशर्त अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम पुस्तिकामा उक्त कार्यक्रम नरहेको पाइयो । यसरी कार्यक्रम वेगरको खर्च अनियमित देखिएको रु. | १८३३५० |
| २४ | **मू.अ.कर कट्टी – भौ.नं ६।२०७६।०२।२४** संघिय संसद कोष थुम्की गोपे सडक निर्माण कार्यको निर्माण व्यावसायी ब्रिटिश एण्ड अनुभवी कन्स्ट्रक्सन कम्पनी (३०४१७२१९१) को आर्थिक वर्ष २०७६।७७ को वजेट घोषणा भएको मिति २०७६।२।१५ देखि १३ प्रतिशत लाग्ने मू.अ.करमा ६.५ प्रतिशत कार्यालयले नै कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा विपद व्यवस्थापन कार्यको लागि रु.९६००००।०० खरिद गरिएका सामानको मू.अ.कर रु.११०४४२।०० मध्ये रु. ५५२२१।०० कटटा गरेको नदेखिएकोले अनियमित देखिएको रु. | ५५२२१ |
| २५ | **बढी निकासा - भौ.नं २।२०७५।०६।२३** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा मन्त्रालयबाट स्वीकृत दरबन्दी भन्दा बढी शिक्षक नियुक्ती गर्ने, त्यस्ता शिक्षकलाई तलब निकासा दिने कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा भएको रकम सम्बन्धित पदाधिकारीबाट असूल उपर गरिने व्यवस्था छ । शिक्षकको तलब भत्ताको माग फाराम र कार्यालयबाट दिएको निकासालाई भिडाउँदा पातले मा.वि. मोलुङ्ग ७ लाइ दोश्रो चौमासिकमा रु.६१२००।०० बढी निकासा गएको देखिएकाले सो रकम असूल गरी संघीय सञ्चित कोषमा राजस्व दाखिला गर्नुपर्ने रु. | ६१२०० |
| २६ | **वन तथा वातावरण संरक्षण -** गो.भौ.नं ३१-२०७६/३/३१ कार्यालयले रु १०,००,०००।०० बजेट विनियोजन गरी वडा कार्यालय मार्फत विभिन्न उपभोक्ता समिति मार्फत बृक्षारोपण कार्य गरेको पाइयो । उक्त कार्यमा लागत अनुमान तयार नगरी, सम्बन्धित उपभोक्ता समिति संग सम्झौता नगरी वडा कार्यालयको सिफारिशको आधारमा मात्र खर्च गरेको पाइयो । कार्यालयले बाट वडा नं ८ मा उपभोक्ता समिति मार्फत वृक्षारोपण कार्यगरी रु २०००००।०० खर्च लेखेको पाइयो । उक्त कार्यको लागि गोदावरी नर्सरीसंग रु ९६७४० को ३१८ थान विरुवा खरिद गरेको तथा दिपेश राईलाई रु ५०७००।०० राजन राई लाई रु २३३००।०० विनोद राईलाई रु १६५००।०० र विराज राईलाई रु ५०००।०० गरी जम्मा रु १०३२६० रकम डोर हाजिर बिना वृक्षारोपण गरे वापत ज्यालामा खर्च गरेको देखिन्छ । यसरी प्रति विरुवा रोपाइमा मात्र रु. ३२४।७० खर्च गरेको पाइयो । लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, कार्यालयको अनुगमन प्राविधिक जाँचपास बिना कार्यक्रम सञ्चालन गर्नाले वास्तविक विरुवा खरिद, वृक्षारोपण भएको संख्या एकिन हुन सक्ने आधार नरहेको, विरुवा खरिद मुल्य तथा ज्याला खर्चमा समेतमा नियन्त्रण नरहेको देखिन्छ । यसरी ज्यालामा खर्च गरेको अनियमित देखिएको रु. | २००००० |
| २७ | **शिक्षा विकास समानिकरण विकास अनुदान -** २-०७५।६।२३ गाउँपालिका भित्रका विभिन्न २१ सामुदायिक विद्यालयहरुको निजी स्रोतका शिक्षकहरुको तलबभत्ता तथा चाडपर्व खर्च समेतको २१०००००।०० विनियोजनमध्ये शिक्षकको तह र संख्या अनुसार जम्मा रु.२०७००००।०० अनुदान खर्च लेखेको छ ।। पूँजी निर्माण तथा पूँजीगत कार्य प्रकृतिमा समानीकरण अनुदान प्रयोग नगरी उपभोग प्रकृतिको खर्चमा अनुदान दिने स्थिति अनुकुल हुदैन । निजी स्रोत शिक्षकलाई गाउँपालिकाको विकास अनुदान खर्च लेख्ने कार्य अनियमित देखिएको रु. | २०७०००० |
| २८ | **जिन्सी खातामा दाखिला**–निम्न विद्यालयहरुलाई निम्नानुसार उपकरण/फर्निचर खरिद वापतखर्च लेखेकोमा विद्यालयले ती सामग्री खर्च भएर नजाने जिन्सी खातामा आम्दानी वाँधेको प्रमाणित खाता पेश हुनुपर्ने देखिएको रु. | १६२६२०० |

| गो.भौ.नं./मिति | विद्यालय | सामानविवरण | परिमाण | कन्टिन्जेन्सीवाहेकको भुक्तानीखर्च रकम |
|---|---|---|---|---|
| ५-०७५/१२/२० | निमावि तथा/आ.भु.पाँच विद्यालय | ल्याप्टप लेनोभो<br>प्रिन्टर | ५ थान<br>४ थान | ४९३००० |

| | | | | |
|---|---|---|---|---|
| १४-०७६/३/२ | शहिद पेशल आ.भु. विद्यालय | डेक्स, बेन्च | ४०/४० जोर | ९६००० |
| २०-०७६/३/८ | ग्राम विकास आ.भू.विद्यालय | डेक्स, बेन्च | ३०/३५ जोर | ९६००० |
| २२-०७६/३/८ | ग्रामोदय आ.भू.विद्यालय | दराज<br>कुर्सी<br>टेबल | ४<br>२०<br>५ | १२०००० |
| २५-०७६/३/११ | चम्पादेवी आ.भू.वि. | डेक्स, बेन्च | ४०/४० जोर | १३०००० |
| २८-०७६/३/२३ | जीवनप्रदिप मा.वि. | डेक्स, बेन्च | ६०/६० जोर | १६३२०० |
| ३०-०७६/३/२३ | शिबदुती मा.वि. | डेक्स, बेन्च | ११२/११२ जोर | ३३६००० |
| ३१-०७६/३/२६ | सरस्वती मा.वि. | डेक्स, बेन्च | ६५/६५ जोर | १९२००० |
| | | | **जम्मा** | **१६२६२००** |

**खानेपानी वित्तीय समानीकरण पूँजीगत**

२९ **उपयोग गरेको प्रमाण** – ६-०७६।३।१९ कार्यालयले खुला कोटेशन बाट करुणा अर्डर एण्ड सप्लायर्स ओखलढुंगासँग निम्न साइजका HDPE पाइप खरिद भई दाखिला गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म मौज्दात रहेको देखियो । सम्वन्धित लाभग्राहीहरुले उपयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु. २८२०८२

| साइज | परिमाण | लागत दर | रकम |
|---|---|---|---|
| २० मी.मी., १० केजी सेमी$^2$ | २५०० र.मी. | ३६.१६ | ९०४०० |
| २५ मी, १० के.जी.सेमी$^2$ | १५५० मी | ५८.७६ | ९१०७८ |
| ३२ मी.मी.,६ केजी सेमी$^2$ | ७९० मी | ६४.४१ | ५०८८४ |
| ३२ मी.मी., १० के.जी.सेमी$^2$ | ५०० मी | ९९.४४ | ४९७२० |
| | | जम्मा | २८२०८२ |

३० **सिंचाई -** ५-०७६।३।१२ कार्यालयले निम्नानुसार सिञ्चाई पाइपहरु खुल्ला कोटेशनबाट घटी दर वाला करुणा अर्डर एण्ड सप्लायर्स बाट लागत अनुमान भन्दा कम लागत भनि खरिद गरी जिन्सी दाखिला गरी खातामा मौज्दात रहेको देखियो । सो मौज्दात सम्वन्धित लाभग्राहीहरुले उपयोग गरेको प्रमाण पेश गर्नुपर्ने रु. १२५९९९३

| पाइप साइज एम.एम/सेमी$^2$. | परिमाण | दर | जम्मा रु | जि.खा.पा.नं. | विजक नं. |
|---|---|---|---|---|---|
| १४०/६ | १७० मी | १२२०.४० | २०७४६८ | १७० | ८६५ ०७६/३/१२ |
| २००/६ | १०० मी | २४६३.४० | २४६३४० | १७० | |
| ६३/६ | ४०० मी | २५०.८६ | १००३४४ | १६५ | ८६४-०७६/३/१२ |
| ११०/६ | ४०० मी | ७४५.८० | २९८३२० | १६६ | |
| १८०/६ | ३० मी | १९९७.८४ | ५९९३५ | १६७ | |
| २५०/६ | ७० मी | ४०५५.५७ | २८३८९० | १६९ | ९३०-०७६/३/१८ |
| ५०/६ | ४०० | १५९.२४ | ६३६९६ | १६९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | मी | | | | |
| | **जम्मा** | | **१२५९९९३** | | |

| | | |
|---|---|---|
| | **कृषि, पशु कार्यक्रम** | |
| ३१ | **नम्स** - ५२-०७६।३।१९ युवा तथा वैदेशिक रोजगारबाट फर्केका युवालाई कृषि उद्यशीलता विकास सहजीकरण परामर्श कार्यशाला गोष्ठी मिति २०७६।२।२४ र २५ मा महिला बिकास भवन रामपुरमा सञ्चालन गरेको भनि ना.प्रा.स. प्रमित मगरको रु. २०००००।०० पे.फ. गरेकोमा बाह्य प्रशिक्षक फि.सु.भा. सन्तोष राईको २ कक्षा कार्यपत्र ५०००।०० का दरले १००००।०० भुक्तानी भएको देखियो । कार्य सञ्चालन निर्देशिका, २०७५ को ७.१.१५ मा उल्लेख भए बमोजिम बाहिरी प्रशिक्षकको कार्यपत्र कक्षाको रु.२०००।०० दरले भुक्तानी गर्नुपर्नेमा रु. ५०००।०० दरले भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.६०००।०० असुल गरी स्थानीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. | ६००० |
| ३२ | **नर्म्स** - सहभागीहरु र सहयोगी समेत ९३ जनाको खाजाको रु. २००।०० सम्मको हुनुपर्नेमा २।२ पटक गरी ४००।०० दरले खाजा खानामा ७४,४००।०० खर्च लेखेको पाइयो । कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ का व्यस्वथा भए अनुसार गोष्ठीका सहभागीको दैनिक खाजा रु.२००।०० का दरले खर्च हुनुपर्नेमा बढी दरको खाजा खानामा खर्च लेखेकोरु.३८२००।०० अनियमित देखिएको रु. | ३८२०० |
| | **हेल्भेटास** | |
| ३३ | कर – ६२-०७६।३।३१ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । तर पालीकाले ना.प.स्वा.प्रा. प्रमित मगरले वार्षिक प्रतिवेदन र वडा अभिलेख तयारी वापत रु. १५०००।०० भुक्तानी गरेकोमा रु.२२५०।०० कर कटटा गरेकोले असुल गरी संघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. | २२५० |
| | **कृषि तथा पशु तर्फ** | |
| ३४ | **जिन्सी दाखिला** - ४५-०७६।३।३१ प्रा.स. विनोद कुमार कटुवालले ०७६।१।३१ मा तरकारीको विउको रु. २५०००।०० र कागतीको वेर्ना, अलैचीको वेर्नाको रु. २५००००।- पेश्की लिई फछ्यौट गरेकोमा खरिद विउ, वेर्नाको विल तथा जिन्सी दाखिला पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु. | २७५००० |
| ३५ | **विल भपाइ** - ४४-०७६।३।३१ चन्द्र प्रसाद पोखरेलको अदुवा, वेसारको विरुवा खरिदको रु. २०,०००।०० पेश्की फछ्यौट गरेकोमा विल भपाई पेश नभएको रु. | २०००० |
| ३६ | ४२-०७६।३।३१ ना.प.स्वा.प्रा. प्रमित मगरको माटो परीक्षण तालिम व्यवस्थापन वापत रु. ११२५०।- को विल भपाई पेश नभएको रु. | ११२५० |
| ३७ | गा.पा. अध्यक्ष मणिराज राईले २०७६।१।५-१२, ०७६।१।२०-२७ को र गा.पा. उपाध्यक्ष हेम कुमारी तामाङ २०७६।१।९-१५, ०७६।२।२०-२७ को विभिन्न योजना सञ्चालन अनुगमन गरेको भनि रु.२२०००।००को दरले भुक्तानी भएकोमा योजनाहरुको विवरण सहित प्रतिवेदन पेश नभएको र अनुगमन र उपलब्धी नखुलेकोले प्रतिवेदन पेश हुनु पर्ने रु. | ४४००० |
| ३८ | वडा नं. ७ का कृषि प्राविधिक मिङ्मा शेर्पाको प्रथम चौमासीक को ८ वटा बैंठकमा उपस्थिति नदेखिएता पनि वैठक भत्ता रु. ८०००।०० मा करकट्टा गरी रु. ६८००।०० भुक्तानी भएकोमा बैंठकमा सहभागी वेगर भत्ता लिन मिल्ने नदेखिएकोले असूल गर्नुपर्ने रु. | ६८०० |
| ३९ | **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण कार्यको सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रत्येक दिनको ०.०५ प्रतिशतमा नबढ्ने गरी क्षतिपूर्ति कटटा गर्नु पर्नेमा नगरेकोले कानुनी व्यवस्थाको पालना गरेको नदेखिएको रु. | १२३४५० |

| भौ.नं./मिति | आयोजना | सम्झौता मिति | सक्नुपर्ने मिति | सकिएको मिति | सम्झौता रकम | ढिला भएको | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| १-२०७६।२।२८ | ओमबिर बडागाँउ देखि पिप्ले हुँदै भञ्ज्याङ्ग | २०७५।१०।२८ | २०७५।११।१५ | २०७६।२।५ | ८००००० | ८० दिन | ३२००० |

<table>
<tr><td></td><td>
<table>
<tr><td></td><td>सडक</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४-२०७६।३।२३</td><td>स्वास्थ्य चौकी घेरवार हर्कपूर</td><td>२०७५।१२।४</td><td>२०७६।१।७</td><td>२०७६।२।२०</td><td>३०००००</td><td>४३ दिन</td><td>६४५०</td></tr>
<tr><td>२७-२०७६।३।८</td><td>पिपलवोट हुँदै सतिघाट सडक</td><td>२०७५।१०।२९</td><td>२०७५।११।२०</td><td>२०७६।२।२०</td><td>२००००००</td><td>९० दिन</td><td>८५०००</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१,२३,४५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td>विद्युत पोल – मोलुङ्ग गाउँपालिका गाउँ सभाले मिति २०७५।१०।२० मा गरेको निर्णयअनुसार विद्युतिय पोल खरिद गर्न रु.४८,००,०००। बजेट विनियोजन गरेको देखियो। जसअनुसार पालिकाले ९ मि. को पोल १०५ वटा रु.२२१०० को दरले र ८ मि. को पोल ११५ वटा रु.१५३३०।०० को दरले गरी जम्मा रु.४६,१४,२९७।०० को पि.के. कन्स्ट्रक्सन खरिद गरेकोमा सम्वन्धित स्थानमा जडान भएको प्रमाण ,नापी किताव र कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु
<table>
<tr><td>भौ.नं./मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>७-२०७६।३।११</td><td>८/९ मि. पोल</td><td>१३९७०८६.००</td></tr>
<tr><td>९-२०७६।३।२७</td><td>८/९ मि.पोल</td><td>३२१७२११.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६१४२९७.००</td></tr>
</table>
</td><td>४६१४२९७</td></tr>
<tr><td>४१</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ। केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप गाँउपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन।<br>जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा गाँउपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो। गाउँपालिका सँग आफ्नो अद्यावधिक लगत किताब नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा गाउँपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्टी गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४२</td><td>वडा नं.१ – बृद्ध, अशक्त तथा एकल महिलामा २०३ जना बृद्ध तथा ६२ जना एकल महिला गरी २६५ मध्ये ४९ जना बृद्ध तथा एकल महिलाको नागरिकता नम्वर खुलेको देखिँदैन। वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता पाउन योग्य व्यक्ति हो वा होइन भनि एकीन गर्न छानविन गर्नुपदर्छ।</td><td></td></tr>
<tr><td>४३</td><td>वडा नं. २ –एकल महिला विधवा भत्ता स्वरुप ७२ जनालाई रु.४०००।०० को दरले जम्मा रु.२,८८,०००।०० वितरण गरेको देखिन्छ। तर पञ्जिकरणको रेकर्ड अनुसार ६८ जना मात्र देखिएकोले रु.४०००।०० को दरले जम्मा रु.२,७२,०००।०० मात्र वितरण गर्नुपर्नेमा उक्त चौमासिक अवधिमा रु.१६,०००। बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.</td><td>१६०००</td></tr>
<tr><td>४४</td><td>वडा नं.४ – १४-२०७५।११।१२ सामाजिक सुरक्षा भत्ता वापत बृद्ध, अपाङ्ग, एकल महिला, दलित वालवालिका लगायतलाई रु.१६,८४,०००।०० वितरण गरीएको देखिन्छ। पञ्जिकरण अभिलेखमा नभेटिएका ५ वर्ष मुनिका दलित वालवालिका २ जना अनुपम ठटाल र रोशीका परियारलाई रु.१६,००।०० दरले रु.३२००।०० बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.</td><td>३२००</td></tr>
</table>

<table>
<tr><td>४५</td><td>वडा नं.५ – १५-२०७५।११।१२ सामाजिक सुरक्षा भत्ता वापतका वितरणमा निम्न व्यक्तिलाई दिईएको भत्ता रकम पञ्जिकरणको अभिलेखमा नदेखिएको बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क.सं.</td><td>विवरण</td><td>नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td rowspan="3">एकल महिला</td><td>लिलामाया नेपाल</td><td>४०००.००</td></tr>
<tr><td>२</td><td>टेक माया तामाङ्ग</td><td>४०००.००</td></tr>
<tr><td>३</td><td>उमा वि.क.</td><td>४०००.००</td></tr>
<tr><td>४</td><td>आंशिक अपाङ्ग</td><td>निरमाया तामाङ्ग</td><td>२४००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१४,४००.००</td></tr>
</table></td><td>१४४००</td></tr>
<tr><td>४६</td><td>वडा नं. ६ – १६-२०७५।११।१२ पञ्जिकरणको अभिलेखमा नदेखिएको पूर्ण अपाङ्ग मोहन कुमार तामाङ्गलाई वितरण गरिएको बढी भुक्तानी बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.</td><td>८०००</td></tr>
<tr><td>४७</td><td>वडा नं.७ – पञ्जिकरणको अभिलेखमा नभएका देहायका व्यक्तिलाई दिईएको सामाजिक सुरक्षा भत्ता १७ जना आंशिक अपाङ्गलाई मासिक जनही रु.६००।०० ले ४ महिनाको रु.२४००।०० को दरले बढी वितरण बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु</td><td>४०८००</td></tr>
<tr><td>४८</td><td>पञ्जिकरणको अभिलेखमा नभएका देहायका व्यक्तिलाई दिईएको सामाजिक सुरक्षा भत्ता जेष्ठ दलित ६ जनालाई मासिक रु.१०००। ले ४ महिनाको रु.४०००। को दरले बढी वितरण गरेको बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.</td><td>२४०००</td></tr>
<tr><td>४९</td><td>वडा नं.८ – १९-२०७५।११।१२ निम्न दलित वालवालिकालाई वितरण गरीएको सामाजिक सुरक्षा भत्ता रकम पञ्जिकरणको अभिलेखमा नदेखिएकोले बढी वितरण देखिएकोले सो रकम वडा सचिवसग असुल गरी संघीय राजश्वमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क.सं.</td><td>नाम</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>१</td><td>ईशान वि.क.</td><td rowspan="3">दलित वालवालिका</td><td>१६००.००</td></tr>
<tr><td>२</td><td>आईशा वि.क.</td><td>१६००.००</td></tr>
<tr><td>३</td><td>रुविना दयाल</td><td>१६००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८००.००</td></tr>
</table></td><td>४८००</td></tr>
<tr><td>५०</td><td>दररेट भन्दा बढी भुक्तानी - ७८-२०७६।३।२३ सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम सार्वजनिक निकायले प्राविधिक मूल्याङकन सहितको लागत अनुमान तयार भएपछि सोही अनुरुपको विल भरपाई र प्राविधिक मूल्याङकन तयार गर्नु पर्दछ । तर यान्दा सिस्नेखोला खर्क पेल्ट्रीक सेट निर्माण कार्यको लागत अनुमान भन्दा वास्तविक भुक्तानी देहाय वमोजिम बढी भएकोले असुल गरी स्थानयि सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>विवरण</td><td>परिमाण</td><td>भुक्तानी दर</td><td>हुनुपर्ने दर</td><td>फरक दर</td><td>फरक रकम</td></tr>
<tr><td>6 mm main line black wire</td><td>५२००</td><td>२८</td><td>२३.७३</td><td>४.२७</td><td>२२२०४.०० </td></tr>
</table></td><td>२२२०४</td></tr>
<tr><td>५१</td><td>राजश्व अभिलेख – आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td>सम्पत्ति हस्तान्तरण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ५३ | **बरबुझारथ –** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाँउपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरी एकिकृत विवरण तयार गर्नुपर्दछ । | |
| ५४ | **सञ्चित कोष –** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार प्रत्येक स्थानीय तहको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकी रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम सञ्चित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ । | |
| ५५ | **स्रोत नक्सांकन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| ५६ | **पेश्की –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । साथै साविक गाँउ विकास समितिको पेश्की वेरुजू रकम समेत सारी एकिकृत पेश्कीको विवरण तयार गर्नुपर्नेमा सो प्रक्रिया अवलम्वन नगरे वाट विगतको पेश्की वाँकी र फछ्र्यौटको स्थिति मूल्याङ्कन गर्न सकिएन । विगतको पेश्की जिम्मेवारी सारी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।प्राप्त विवरण अनुसार गाँउपालिकामा सञ्चु राइको नाममा रु.५००००।०० पेश्की वाँकी देखिन्छ । पेश्की वाँकी रकम नियमावलीमा भएको व्यवस्था वमोजिम अविलम्ब फछ्र्यौट गर्नुपर्ने रु. | ५०००० |
| ५७ | **आर्थिक विवरण –**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| ५८ | **उपभोक्ता समिति –** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कायं गरेको देखिएन । | |
| ५९ | **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ । साथै स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकाश सुविधाको | |

| | | |
|---|---|---|
| | कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन । ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ । | |
| ६० | **लक्षित समूह खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाँउपालिकाले कार्यक्रम वाहेक महिला स्वास्थ्य स्वयम सेविकालाई ७९ जनाको रु.९४२००० ।००प्रोत्साहन बापत खर्च लेखेकोले कार्यविधिको पालना नगरेको अनियमित रु. | ९४२००० |
| ६१ | **व्यवसाय कर - प्राकृतिक तथा व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । गाउँपालिका क्षेत्र भित्रका  व्यवसायीको अभिलेख व्यवस्थित गरी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ६२ | **सवारी कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख  व्यवस्थित गरी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ | |
| ६३ | **मनोरञ्जन कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ६४ बमोजिम सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित थियटर मनोरञ्जन प्रदशन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले कूनै पनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । सेपली ३ तले झरना र थानीढुङ्गा झरना तथा पर्यटकिय स्थलको लागि आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| ६४ | **तलवी प्रतिबेदन-**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिबेदन  वेगर रु.४१,५०,५४५। ०० खर्च लेखेको छ ।  तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ६५ | **विद्युतीय लेखा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले शुत्र प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार सञ्चालनमा ल्याइनू पर्दछ । | |
| ६६ | **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले सञ्चालनमा ल्याएको ठुला थलहरी सैभाल सडक योजना ढाँडे यामु खर्क सडक योजना, वागचिन्हे रचने सडक, मंगलवारे सडक योजना, माम्डा पाल्ले सडक योजना, राँगादिप सडक, मानेगाँउ घलेगाँउ सडक योजना लगायतमा रु.८४ लाख खर्च गरेकोमा सो को सार्वजनिक परीक्षण गरेको छैन । वडा वाट संचालित विभिन्न योजनाको सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था अवलम्वन गरिनुपर्दछ । | |
| ६७ | **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । तर पालिकाले साना साना योजना छनौट गरेको भएतापनि प्याकेज वनाइ वोलपत्रको माध्यामद्वारा गर्न सकिने सम्भावना हुदाहुदै पटक पटक उपभोक्ता समितिवाट कार्य गराएकोले ठूला योजना छनौटलाई प्राथमिकतामा राखि विकास निर्माणलाइ मितव्ययी, | |

<table>
<tr><td></td><td>प्रभावकारी र उपलब्धिमुलक वनाउन सम्वद्ध सवै पक्षको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>६८</td><td>गुणस्तर परिक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td>सभाको निर्णय कार्यान्वयन - मिति २०७५।३।२५ मा सम्पन्न गाँउ परीषदबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को Fallow up अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>७०</td><td>बेरुजू - गाउँपालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ४ लाख ४३ हजार , अनियमित बेरुजू रु. ५९ लाख १ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.८३ लाख ३० हजार र पेश्की बाँकी देखिएको रु. ५० हजार समेत रु.१ करोड ४७ लाख २४ हजार बेरुजू कायम भएको छ।</td><td></td></tr>
<tr><td>७१</td><td>अनुगमन तथा मूल्याङ्कन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ । रु.हजारमा
<table>
<tr><th>गत वर्षको वेरुजू रकम (रु) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C=A-B)</th></tr>
<tr><td>१,६३,४७</td><td>१,००,६८</td><td>६२,७९</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td>अद्यावधिक वेरुजू स्थिति – मोलुङ गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न वाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ । रु.हजारमा
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न वाँकी (रु) (C)</th><th>यो वर्षको सं.पं बाट कायम वेरुजू रु (D)</th><th>यो वर्षको कायम वेरुजू (रु) (E)</th><th>बाँकी ( F=C+D+E )</th></tr>
<tr><td>६२,७९</td><td>०</td><td>१,४७,२४</td><td>२,१०,०३</td></tr>
</table></td><td></td></tr>
</table>

# मोलुङ्ग गाउँपालिका

## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

**अनुसूची- १**
**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | मोलुङ्ग गाउँपालिका | ओखलढुंगा | ३४४३४ | ६७७०० | २२४८०२ | ५५८४१ | ३४८३४३ | २२३२४७ | ११२०५५ | ३३७९३ | ३६९०९५ | १३६८२ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

**अनुसूचीः २**
**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | सैदान्तिक | लगती | रकम | अशुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | ओखलढुंगा | मोलुङ्ग गाउँपालिका | ३८ | ३२ | १४७२४ | ० | ० | | ३८ | ३२ | १४७२४ | ४४३ | ५९०१ | ८३३० | | | १४२३१ | ५० | | ५० |

## अद्यावधिक वेरुजू स्थिति

**अनुसूची ३**
**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोलुङ्ग गाउँपालिका | ओखलढुंगा | १६३४७ | १००६८ | ६२७९ | ० | १४७२४ | २१००३ |